सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक १७९ ♦ २०८० साल चैत्र ८ गते विहिवार ♦ 21 March 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## मधेशको गृह मन्त्रालयले दिंदै आएको सुराकी खर्च कटौती गर्ने निर्णय



**खबर दर्पण समाचारदाता**

**चैत्र ७ गते, महेन्द्रनगर**

मधेश प्रदेशको गृह, सञ्चार तथा कानुन मन्त्रालयले सुराकीको नाममा मन्त्री र सचिवलाई दिंदै आएको खर्च कटौतीको निर्णय गरेको छ ।

मंगलबार गृह, सञ्चार तथा कानुन मन्त्रालयको समेत जिम्मेवारी सम्हालेका भौतिक पूर्वाधारमन्त्री सरोजकुमार यादवले खर्च कटौतीको निर्णय गरेका हुन् । सोमबार भौतिक पूर्वाधारमन्त्रीको शपथ लिएका उनले मंगलबार गृह मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जिम्मेवारी पनि पाएका थिए ।

मधेसमा सुराकी खर्चका रुपमा मनपरी रकम बुझ्ने प्रवृत्ति बारे मंगलबार सार्वजनिक भएको थियो ।

मधेश प्रदेशको गृह, सञ्चार तथा कानून मन्त्रालयले सुराकीको नाममा मनोमानी ढंगले रकम खर्च गरेको पाइएको छ। गृह मन्त्रालयले विगत पाँच वर्षदेखि अहिलेसम्म निरन्तर सुराकीको नाममा रकम बुझ्दै र बाँड्दै गरेको खुलेको हो ।

प्रहरी समेत अहिलेसम्म समायोजन नभएको अवस्थामा मधेश प्रदेशको गृहका मन्त्री, गृह राज्य मन्त्री र सचिवले भने सुरक्षा र सुराकी खर्चको नाममा रकम बुझ्दै आएका छन् ।

मंगलबार गृह मन्त्रालयमा पदभार ग्रहण गर्दै मन्त्रीले पहिलो निर्णय नै सुराकी खर्च कटौतीको गरेका हुन् ।

मधेश सरकार स्थापना कालदेखि पहिलेको आन्तरिक मामिला र वर्तमानको गृह संचार तथा कानुन मन्त्रालयका मन्त्री, राज्यमन्त्री र सचिवहरुले सुराकीको नाममा मनोमानी ढंगले रकम लिँदै आएका छन् । उनीहरुले अहिलेसम्म १ करोड ४२ लाख ८९ हजार ६६६ रुपैयाँ सुराकी वापतको खर्च बुझेका छन् ।

२०७९ सालमा महालेखा परिक्षकको कार्यालयले सार्वजनिक गरेको वार्षिक प्रतिवेदनमा समेत प्रदेश सरकार ले मनोमानी रुपमा सुराकी वापत खर्च गरेको बताएको छ । मधेश प्रदेश अन्तर्गको गृह मन्त्रालयले सुराकीको नाममा रकम बुझ्दै आएकोले यस प्रकारको खर्चको औचित्य नभएको प्रतिवेदनमा उल्लेख छ ।

'गृह मन्त्रालयमा अहिलेसम्म सुराकीको नाममा मन्त्री, राज्यमन्त्री र सचिवले मनपरी रकम बुझ्ने गरेका थिए । म पदभार ग्रहण गरेपछि त्यो खर्च कटौती गर्ने पहिलो निर्णय गरेको छु। यो निर्णय क्याबिनेटमा लैजान्छु', मन्त्री यादवले भने ।

## लोसपाले केन्द्रिय समिति बैठक : १० प्रदेशमा जानु पर्ने र राष्ट्रियसभा पुनर्गठन गर्नुपर्ने माग



**विशाल बस्नेत**

**चैत्र ७ गते, बर्दिवास**

लोकतान्त्रिक समाजवादी पाटीको केन्द्रिय बैठकमा संविधान संशोधनको धारणा अगाडि सारेको छ। संविधानको धारा २४७ (७) लाई निष्कृय बनाई ७ प्रदेशको सट्टा पहिचानका आधारमा १० प्रदेश बनाउनु पर्ने धारणा अगाडि सारेको हो । मधेशप्रदेश वाहेक ६ वटा प्रदेशमा अन्य समुदायको बाहुल्यता भएता पनि खस-आर्यहरु नै सत्तामा एकाधिकार रहेको बताउँदै संघीय व्यवस्थासम्बन्धी धाराहरु विभेदपूर्ण भएको बैठकमा निष्कर्ष निकालिएको छ ।

लोसपाका वरिष्ठ सह-अध्यक्ष सर्वेन्द्रनाथ सुक्लले प्रस्तुत गरेको राजनीतिक अवधारणामा राष्ट्रियसभाको गठनलाई लिएर पनि असन्तुष्टी जनाइएको छ। उक्त सभामा ३ जना मनोनीत हुने व्यवस्था वाहेक प्रत्येक प्रदेशवाट जनसंख्याको कुनै विचार नगरी ८/८ जनाका दर ले ५६ जना सभासदहरु निर्वाचित हुने व्यवस्था गलत भएको औंल्याइएको हो ।

५४ लाख जनसंख्या रहेको प्रदेशबाट पनि ८ जना मात्रै सभासद हुने व्यवस्था बिभेदपूर्ण भएको जिकिर गर्दै बैठकमा राष्ट्रियसभाको गठन सम्बन्धि धाराहरु संसोधनद्वारा खारेज गर्नुपर्ने माग गरिएको छ । बैठकमा बहुभाषिक नीति अनुरुप केन्द्र, प्रदेश र स्थानीय तहहरुमा सरकारी कामकाजको लागि अन्य भाषाको समेत प्रयोग गर्न पाउनुपर्ने अवधारणा अगाडि सारिएको छ ।

बैठकमा सत्ता बहिर्गमनको बिषय समेत जोडदार रुपमा उठाइएको छ। गठबन्धन जोडिनु र भत्किनु शीर्ष नेताहरुको स्वार्थ हावी भएको भन्दै गठबन्धनकै कारण मधेश प्रदेशमा लोसपाले ७ सिट मात्र ल्याएको र राष्ट्रिय पार्टी बन्न नसकेको समेत स्विकार गरिएको छ ।

२०६४ फाल्गुन १ देखि फाल्गुन १६ सम्म भएको आन्दोलनका क्रममा राज्य र आन्दोलनरत दलविच भएको ८ बुँदे सहमति विपरित काम भएको बैठकमा चर्चा भएको छ । सोही आन्दोलनले मधेशका मुल मुद्दा स्थापित भएको जिकिर गर्दै बैठकमा यसलाई निस्तेज बनाउने गरी कतिपय लागेको पनि जनाइएको छ । गत ६ गतेदेखी बर्दिवासमा जारी बैठकमा २ सय भन्दा बढी केन्द्रिय सदस्य, ६४ जना पदाधिकारीहरुको उपस्थिति रहेको छ। आजै उक्त बैठकले निष्कर्षसहित सार्वजनिक गर्ने प्रवक्ता आभास लाभले जानकारी दिए ।

सस्तो सुलभ र गुणस्तरीय छपाइको लागि अवश्यक सम्झनु होस् ।

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

- पत्रिका
- क्यालेण्डर
- रजिष्टर, डाइरी
- किताब
- परीक्षा कपी
- पर्चा पम्पलेट
- बिल, भाउचर,



- स्क्रिन प्रिन्ट
- विवाह कार्ड
- प्रमाण पत्र
- भिजिटिङ्ग कार्ड
- झोला प्रिन्ट
- रबर स्टाम्प




- फ्लेक्स प्रिन्ट
- ब्यानर प्रिन्ट
- होर्डिङ्ग बोर्ड
- स्टिकर
- फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# दुर्घटना न्युनीकरण गर्न ट्राफिक प्रहरीलाई अनुशिक्षण



**खबर दर्पण समाचारदाता**
**चैत्र ७ गते, बर्दिवास**

मधेसमा सवारी दुर्घटना कम गराउन ट्राफिक प्रहरीलाई अनुशिक्षण गरिएको छ ।

मधेसका सडकमा चेकजाँच र मापसे जाँच गर्ने ९० प्रहरीलाई मापसे जाँच गर्ने आधुनिक उपकरण (ब्रेथलाइजर) प्रयोग र सडक सुरक्षा बारे एकदिने अनुशिक्षण गरिएको प्रदेश प्रहरी कार्यालय जनकपुरका प्रहरी वरिष्ठ उपरीक्षक सुरेन्द्र गुरुङले जानकारी दिए ।

मधेसमा सडक संजाल र भौगोलिक अवस्था सहज भएपनि मादक पदार्थ सेवन गरी सवारी चलाउनाले दुर्घटनाको जोखिम कम नभएको र बिना हेलमेट सवारी चलाउँदा घाइते र मृत्यु हुनेको संङ्ख्या पनि ठुलो मात्रामा रहेको प्रहरीले जनाएको छ ।

मधेसका ८ जिल्लाका ट्राफिक प्रहरीलाई बारा र महोत्तरीको बर्दिवासमा एक/ एक दिनको अनुशिक्षण गरिएको प्रहरीले जनाएको छ । मधेसका ८ जिल्लामा मापसे जाँचका लागि ३० वटा ब्रेथलाइजर उपकरण डब्लुएचओले उपलब्ध गराएको र अनुशिक्षणमा सो उपकरण चलाउन समेत प्रहरीलाई सिकाइएको एसएसपी गुरुङले बताए ।

बर्दिवासमा बुधवार भएको एकदिने अनुशिक्षणमा धनुषा, महोत्तरी, सिराहा र सप्तरीका ४२ जना ट्राफिक प्रहरीको सहभागीता रहेको महोत्तरी ट्राफिक प्रमुख रामभक्त भट्टराईले जानकारी दिए । एक दिने अनुशिक्षणमा डिएसपी सन्तोष निरौलाले सहजीकरण गरेका थिए ।

# पूर्व-पश्चिम राजमार्ग अन्तर्गत लालबन्दीमा बस र ट्रक ठोक्किँदा १० घाइते



**खबर दर्पण समाचारदाता**
**चैत्र ७ गते, बर्दिवास**

पूर्व-पश्चिम राजमार्ग अन्तर्गत सर्लाहीको लालबन्दी नगर पालिका -१, नवलपुर चोकमा बुधबार साँझ बस र ट्रक ठोक्किएर दुर्घटना भएको छ । दुर्घटनामा १० जना घाइते भएका छन् ।

दुर्घटनाको क्षतिबारे अझै विवरण आउन बाँकी रहेको इलाका प्रहरी कार्यालय लालबन्दीले जनाएको छ । लालबन्दीका प्रहरी निरीक्षक हरि बोल केसीले घाइतेहरुको विभिन्न अस्पतालमा उपचारका लागि पठाइएको बताउनुभयो । अस्पतालमा प्रहरी पुगेर घाइतेको विवरण सङ्कलन गरि रहेको छ। प्रनि केसीका अनुसार ट्रकचालक मकवानपुरको हेटौंडा उपमहानगरपालिका -३ बस्ने टङ्कबहादुर गोलेको अवस्था गम्भीर छ ।

गोलेलाई एलएस न्यूरो अस्पताल कलैया, बारा रेफर गरिएको इन्स्पेक्टर केसीले बताउनुभयो । उहाँले सुरुमा घाइतेहरुको उद्धार गरिएको र अहिले पुगेर विवरण लिने काम भइरहेको जानकारी दिनुभयो ।

प्रहरीका अनुसार आज साँझ साढे ५ बजेतिर नवलपुरस्थित चोकमा पूर्वतर्फ आउँदैगरेको बागमती प्रदेश-०३-००१ ख ४३३ नम्वरको ट्रक र जनकपुर बाट वीरगन्जका लागि छुटेको बा ४ ख ३२४ नम्वरको बस एकापसमा ठोक्किएर दुर्घटना भएको बताइएको छ । दुर्घटनामा ट्रक र बसको अगाडिको भागमा क्षति पुगेको प्रहरीले जनाएको छ ।

## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। उपहारआदी प्राप्त हुनेछ ।

**वृष**- प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**मिथुन**-समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**कर्कट** - आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**सिंह** -अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**कन्या** - अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

**तुला** -सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**वृश्चिक** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**धनु** - समय अनुकुल छ। व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ ।

**मकर** -लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**कुम्भ**-व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ।पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**मीन** -सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०११९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| विद्युत कार्यालय | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| खानेपानी हात्तीलेट बर्दिवास-८ | ९७०३८९१४२५ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

## वर्तमान राजनीतिबारे चन्द्रकिशोरको विश्लेषण

# ‘प्रचण्डमा चरम असुरक्षाबोधले डेरा जमाएको छ, त्यसैले बाटो फेरिराख्छन्’

हामी यतिखेर संविधान कार्यान्वयनको संक्रमणकालमा छौं । दाबी गरेर संविधान कार्यान्वयनको पहिलो चरण पूरा गरी दोस्रो चरणमा प्रवेश गरेको भनिन्छ । तर, संविधानले परिकल्पना गरेको सामाजिक, आर्थिक र राजनीतिक रूपान्तरणमा अहिले पनि संक्रमणको अवस्था छ । अहिले पनि प्रदेशले पाउनुपर्ने अधिकार संघमा छ । प्रदेशले कानून निर्माण गर्न सकेका छैनन् । स्थानीय तह र प्रदेशका काम तथा अधिकारहरू परिभाषित भएका छैनन् । अहिले पनि संघीय सरकारको खडाउ ( चरणपादुका) प्रदेश छन् । यसैले संविधानले बहुतहको सरकारको परिकल्पना गरे पनि र यसले आफैंमा उन्नत रूपले काम गर्न सकेको छैन । यसैले हामी यतिखेर संविधान कार्यान्वयनको संक्रमणकालमा छौं । हामीकहाँ गठबन्धनको संस्कृति विकसित भएको छैन । बहुदलपछि ५० को दशकमा गठबन्धनको संस्कृति अघि बढ्यो, तर हामीले व्यावहारिक रूपमा विकास गर्न सकेका छैनौं । बहुदलीय प्रणाली आत्मसात गरे पनि एउटा दलले अर्को दलको कुरा सुन्ने, अस्तित्व स्वीकार्ने, असहमति र समाञ्जसलाई छिनोफानो गर्ने संस्कार विकास भएको छैन । हाम्रो छिमेकी भारतमा पछिल्लो २० वर्षदेखि गठबन्धनको सरकार मज्जाले चलेको छ । अटलबिहारी बाजपेयी र पछिल्लो सरकारले पूरा कार्यकाल काम गर्न पाएका छन् । तर हामीकहाँ गठबन्धन सरकारका लागि हुनुपर्ने संस्कार, इमान्दारिता र प्रौढता विकास भएको छैन ।

जसरी भने पनि अहिलेको संघीय सरकार प्रधानमन्त्रीय सरकार हो । संसदीय प्रणालीमा व्यवस्थाको नेता नै प्रधानमन्त्री हुन्छ । गठबन्धनले प्रधानमन्त्री छनोट गरेको हुन्छ । तर, प्रधानमन्त्रीका पनि अपेक्षा, आकांक्षा, अभिलाषा र अस्तित्वका कुराहरू हुन्छन् । यी कुरासँग गठबन्धनले तालमेल मिलाउन नसकेको हामीले नेपालमा पटक-पटक देखेका छौं । अर्को भनेको पात्र पनि हो । अहिले संसद्को मुखिया प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ हुनुहुन्छ । उहाँ अस्थिर र आफैंमा असुरक्षित मनोभावको हुनुहुन्छ । उहाँ क्रमभंग भन्नुहुन्छ, तर अस्थिरतालाई क्रमभंगको भाष्य दिइरहनुभएको छ । क्रमभंग गरेर अगाडि बढ्छु भनेको अस्थिरताको औचित्य पुष्टि गर्ने साधन हो ।

शान्ति प्रक्रियामा आइसकेपछि प्रचण्डमा चरम असुरक्षाबोध छ । कार्यकारी हुँदा २०६४ को चुनावपछि जब प्रचण्डले प्रधानसेनापतिलाई हटाउन खोज्नुभयो, त्यसले कार्यकारी र राज्यको संस्थापनबीच द्वन्द्व बढ्यो । त्यसपछि उहाँमा निरन्तर असुरक्षा बोधले डेरा जमाएको छ । एउटै दिशामा हिँडियो भने आफैंलाई असुरक्षा हुने भयमा रहेको प्रचण्डका व्यवहारले देखाउँछन् । त्यसैले एउटै बाटो नहिँडी अर्को बाटो समाउनु हुन्छ । यस्ता प्रवृत्तिगत कारण पनि हाम्रो राजनीतिक अस्थिरताका कारक तत्व हुन् ।

### समस्या भित्र मात्रै कि बाहिर पनि ?

हामीकहाँ आन्दोलन, व्यवस्था परिवर्तन र सरकार परिवर्तन हुँदाखेरी भूराजनीति कहाँनेर छ भनेर जोडेर हेर्ने गरिन्छ । नेपालको विभिन्न मुलुकसँग दौत्य सम्बन्ध छ । तिनका यहाँ दूतावास छन् । तर, बढीजसो भारतीय दूतावासको नाम आउँछ । पछिल्ला वर्षमा चीनको पनि नाम आउन थालेको छ । यसबाहेक अमेरिका र युरोपीयनका पनि विभिन्न कारणले प्रभाव हुन्छन् । बाह्य शक्तिहरूले स्वाभाविक रूपमा आफ्ना स्वार्थहरू राख्छन् । आन्दोलन वा सरकार परिवर्तनहरू हाम्रा आन्तरिक अवस्था र परिस्थितिका ठोस स्वरूप हुन् । बदलिएको परिस्थितिमा मैत्रीपूर्ण वातावरण उनीहरूले पक्कै खोज्छन् । यो स्वाभाविक पनि हो । मुख्य कुरा घरमा आगो लाग्दा दीयो भित्रै जलेको हुन्छ, सर्ट सर्किट घर भित्रै भएर आगो लागेको हुन्छ । तर, हावा कहिले पश्चिमी र कहिले पूर्वी भएर बग्दिन्छन् । यसलाई आफ्नो तरिकाले अगाडि बढाउँछन् । नेपालमा दूतावासहरूको सक्रियता छैन भन्ने छैन । हिजोसम्म चिसो भएको चीनका राजदूतको सक्रियता बढी भयो भनिरहेका छौं, किनकी हिजोसम्म चीन प्रोएक्टिभ भएर लाग्दैन भन्ने भाष्य थियो । नेपालको संस्थापनसँग मात्रै अट्याच हुन्यो भनिन्थ्यो । अहिले चीन नेपालमा राजनीतिक रूपमा सक्रिय भएको भनिन्छ । चीनले अहिलेसम्म नेपालका जनताको स्वतन्त्रताको लडाईंमा कुनै पनि साथ दिएको छैन । वामपन्थी, प्रजातान्त्रिक र व्यवस्थाविरुद्धका आन्दोलनमा जनताले संघर्ष गरेर उपलब्धि प्राप्त गरेपछि समर्थन जनाउने हो ।

भारतको भूमिका अलि फरक छ । २००७ सालको सम्झौता त्यहीँ भयो । १२ बुँदे सहमति त्यहीँ भयो । त्यसैले भारतको नाम आउँछ । भारतका नागरिकको पनि ठूलो योगदान छ । नेपालको मुख्यधारको पार्टी नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीको जन्म नै भारतमा भएको हो । तर, नेपालको रुचिलाई बलियो बनाउन भारतको भूमि प्रयोग भएको, भारतका जनताको सहयोग भएको र भारतको संस्थापनले पनि नेपालको राजनीतिमा पहल र सहजीकरण गरेको तथा आफ्ना स्वार्थहरू राखेको देखिन्छ । तर, मूल पक्ष हामीभित्रैको आन्तरिक हो ।

### संक्रमणको समाधान सूत्र

हामीकहाँ राज्यसंरचनाको लामो इतिहास छ । कर्मचारीतन्त्रको, न्यायपालिकाको र सुरक्षासंयन्त्रको लामो पृष्ठभूमि छ । भारतमा चरण सिंह यस्तो प्रधानमन्त्री जसले संसद् फेस गरेनन् । चन्द्रशेखर, आइके गुजराल छोटो समयका लागि प्रधानमन्त्री बने । त्यहाँ पनि छोटो-छोटो समयका लागि प्रधानमन्त्री बन्ने अवस्था थियो । गठबन्धनको संस्कृति त्यति विकसित नहुँदा नेपालकै जस्तो अवस्था थियो । सरकार फेरिनु, विश्वासको मत पाइराख्नु भन्दा पनि सरकारीतन्त्रमा अस्थिरताको मनोविज्ञान हुनु चिन्ताको विषय हो । आज यो प्रधानमन्त्री वा यो मन्त्री र हुन्छन् कि रहन्नन् ? यसले गर्दा कामकारवाहीहरू प्रभावित हुनु, काममा असर पर्नु, अलमल हुनु पक्कै राम्रो होइन ।

नेपालमा पहिलो र दोस्रो जनआन्दोलन मात्रै होइन, पहिचानका विभिन्न आन्दोलन भएका छन् । यी आन्दोलनमा लागेका र भोगेका आमनागरिक भुइँमान्छे तुरुन्त तृप्त हुने मनोविज्ञानमा हुन्छन् । उनीहरू नतिजा खोज्छन् । तर, यो वा त्यो कारण देखाएर डेलिभरी दिनमा कन्जुस्याइँ र अलमल गर्‍यौं भने असन्तोष आउँछ । नैराश्यता आउँछ । जो बढेर प्रकारान्तरमा व्यवस्थामाथि नै अन्सन्तोषसम्म पुग्छ । अहिले केन्द्रको राजनीतिले प्रदेशसम्मै बढेको असन्तोष यस्तै प्रवृत्तिले सिर्जित भएका घटना हुन् । सरकार, सम्बन्धित कार्यालय र संस्थाप्रति असन्तोषका स्वर चुलिनुपर्ने हो, तर प्रकारान्तरमा यो व्यवस्थाप्रति नै मान्छेहरूमा नैराश्यता हुने, चिन्ता हुने र प्रश्न गर्ने अवस्था आउँछ । जसले यो व्यवस्थालाई मन पराएका छैनन्, यो राजनीतिक उपलब्धिपछि जुन शक्ति किनारा लागेका छन्, थिचिएका छन्, चेपिएका छन्, पछाडि परेका छन्, वा अवसर लिनबाट वञ्चित भइरहेका छन्, उनीहरू नयाँ भाष्य निर्माण गर्न थाल्छन् ।

### आशाका झिल्काहरू

चीनसँग जोडिएर भएको सुन तस्करीमा पूर्व सभामुख एवं माओवादीका कृष्णबहादुर महरा समातिनुभयो । उहाँको सचिवालय र छोराहरू पनि मुछिए । उपराष्ट्रपतिको परिवार पनि सुनकाण्डमा मुछिएको छ । पश्चिमासँग जोडेर हेर्ने गरिएका गृहमन्त्रीमाथि प्रश्न उठेका छन् । यसरी गठबन्धनमा फेरबदल नभएको भए के यी कुराहरू आउँथे त ? यसले एकातिर लोकतन्त्रका धब्बाहरू देखाइरहेको छ । पूर्व उपराष्ट्रपति, सभामुख, मन्त्री, बहालवाला अर्थमन्त्रीदेखि गृहमन्त्रीसम्म प्रश्नरहित छैनन् । कोही शक्तिकेन्द्र अमूक पार्टीका छन् । तिनका घरपरिवारका नाम जोडिन्छन् । उनीहरूमाथि कारबाही हुन्छ कि हुँदैन भन्ने प्रश्न पनि सामाजिक सञ्जालमा उठिरहेका छन् । यी विषयहरू उठ्नुले पनि प्रजातान्त्रिक स्पेसलाई बलियो बनाउँछ । एकातिर आक्रोश र निराशा छन्, तर सँगै देशका सिस्टमले पनि विस्तारै काम गर्दैछन् भन्ने देखिएको छ । प्रश्न गर्ने क्षमता बढ्दै गएको छ । प्रश्नले गर्दा राज्यले कारबाही गर्न र जवाफदेही बन्न दबाब महसुस गरिरहेको छ । एकातिर अस्थिरता हुनुले प्रजातन्त्रलाई कमजोर बनाउँछ कि भन्ने संशय छन् । तर, स्वयं जवाफदेहिता पनि बढ्दैछ । २०६२/६३ को आन्दोलनपछि केही दलले आफूलाई राज्य ठान्न थालेका छन् । दल विशेषका नेताले आफूलाई संविधानभन्दा माथि राख्न खोजेका छन् । सबै कुरा उहाँहरूको सहमतिमा संसद् नै कठपुतली हुनेजस्तो स्थिति पनि बन्यो । संविधान निर्माण प्रक्रियालाई नै अमूक केही नेताबीचको आपसी मोलमोलाइ र लेनदेनका आधारमा संविधान निर्माणको प्रजातान्त्रिक प्रक्रिया नै असर पारिएको थियो । सँगसँगै भ्रष्टाचार, सुशासन, उत्तरदायित्वको कुरा आइरहेको छ ।

पुटिन रसियामा लामो समयका लागि राष्ट्रपति भए । चीनमा त प्रजातन्त्रबारे प्रश्नै गर्न पाइँदैन । भारतमा विपक्षीहरूको अवस्था के छ ? यस्तो अवस्थामा हामीकहाँ राष्ट्रपतिमाथि, प्रधानमन्त्रीमाथि प्रश्न गर्न त पाइन्छ । यी भनेका प्रश्न शक्तिशाली बनेर आउँदैछन् भन्ने सन्देश पनि हुन् । प्रहरीका आईजीपीहरू थुनामा हुने, अख्तियारका पदाधिकारीमाथि प्रश्न उठ्ने, न्यायाधीशले पद अनुसारको काम गरेनन् भन्ने प्रश्न उठ्ने स्थिति बनेको छ । यिनीहरूले पनि सुधारको कुचो हामीभित्रैबाट शुरू भएका छन् भन्ने पनि हो । विश्वासको मत लिइ रहनुपर्ने र सरकार फेरिरहनुपर्ने अवस्थाबीच सरकारले यी सुधारका काम पनि गर्नैपर्ने स्थिति बनेको छ । सरकार स्थिर भएको भए यस्तो हुँदैनथ्यो कि ? मोलमोलाइका विकृति छोपिन्थे कि भन्ने पक्ष पनि छन् ।

### सुधार प्रणालीमा कि नियतमा ?

धूलो अनुहारमा लागेको छ, तर हामी ऐना सफा गर्न खोज्छौं । संविधान बन्दा अविश्वासको प्रस्ताव पटक-पटक लगाउँदा सरकार अस्थिर भयो, काम गर्न गाह्रो भयो, समृद्ध नेपालका लागि नहुने भयो भनियो । यसविरुद्ध बलियो प्रावधान पनि ल्याइयो । तर, दुई वर्षदेखि हामीले हेरिरहेका छौं । बलियो व्यवस्था गरे पनि एक वर्षमा नै तीनपटक विश्वासको मत लिनुपर्ने अवस्था त आइदियो । व्यवस्थाप्रति प्रतिज्ञा नभएसम्म अदालत, अख्तियार, कर्मचारीतन्त्र, प्रहरी, सेना र राज्यका अंगलाई जति नै बलियो बनाउन खोजे पनि समस्या रहिरहन्छ । नियत नै गलत भएसम्म सबैतिर सुधार गर्छौं भनेर मात्रै हुँदैन ।

नेपाली राजनीतिको कालो बादलभित्र देखिएको एउटा झिल्को के हो भने उत्तरदायी बनाउने, प्रश्न गर्ने पर्याप्त स्पेस हामीकहाँ जति दक्षिण एसियामा कहीँ पनि छैन । त्यसैले दक्षिण एसियामा लोकतन्त्रको आत्मा कतै बाँचेको छ भने त्यो नेपालमै छ ।

सँगै पात्र र दलका बारेमा पनि व्यापक छलफल भइरहेको छ । क्षेत्रीय शक्ति हुँदा के हुने भन्ने पनि भएको छ । मधेशका दल नभएको भए



चन्द्रकिशोर

अहिले पनि संघले प्रदेशलाई दिने अधिकार यति नै हुन्थ्यो ? सातवटै प्रदेशमा केन्द्रकै अमूक दलको सरकार भएको भए अहिले जति स्पेस पनि प्रदेशले पाउने थिएनन् । क्षेत्रीय र खास प्रदेशमा आधार भएका शक्तिको आवश्यकता एकातिर छ । राष्ट्रिय राजनीतिका लागि ठूला दल देखिँदा नीति निर्माणमा सहज हुन्छ । सँगसँगै अपोजिसन पनि हुनुपर्छ । दक्षिण एसियामा अपोजिसन नहुँदा ठूला मुद्दा पनि दबेका छन्, दबाइएका छन् ।

### सामाजिक आर्थिक असन्तुलन

रेमिट्यान्स र जनताबाट निचोरेर लिइएको करबाट मात्र देश चलाउन सकिँदैन । हामीभित्र पनि सामर्थ्य छन् । यी सामर्थ्यको खोजी गरेर विकसित बनाउनुपर्छ । भविष्यप्रतिको आशा नागरिकमा जागृत गर्नैपर्छ, यो महत्त्वपूर्ण कुरा हो । जबसम्म यो प्रणालीले, सरकारले मान्छेमा आशा देखाउन सक्दैनन्, तबसम्म अनेक चुनौती आउँछन् । बाहिरी शक्तिले पनि चलखेल गर्ने ठाउँ पाउँछन् । हामीले प्रस्तावका साथ कुनै विमानस्थलका लागि वा आयोजनाका लागि अनुदान वा यो ऋणमा लिन्छौं भन्न सक्नुपर्छ । अनुभव भएका शक्ति राष्ट्रबाट मित्रवत् सुझाव लिन्छौं भन्नुपर्छ । तपाईंहरूको अनुभव हाम्रा लागि पाठ हुन सक्छन्, तर कसलाई अख्तियारको प्रमुख बनाउने भन्ने निर्णय गर्ने अधिकार हाम्रो हो भन्न सक्नुपर्छ । यो खुबी बलियो सरकारमा हुनुपर्छ । बलियो सरकारका लागि संसद् कति प्रकम्पित छ ? संसद् ज्यूँदो रह्यो भने यताउता ढल्केको कुनै पनि सरकार टिक्न सक्दैन । बेलगाम सरकार प्रमुखलाई लगाम लगाउने जिम्मेवार संसद्ले हो । यसैले सबैभन्दा ठूलो भूमिका संसदको हुन्छ । इतिहासले उनीहरूको भूमिकालाई पर्खिरहेको छ ।

### पुस्तान्तरणको माग

राजनीतिमा पुस्तान्तरणको डिस्कोर्स भइरहनुपर्छ । विचारधारा र विकल्पहरू आइरहनुपर्छ । जज गर्ने ठाउँमा जनता छन् । हामी भोट जातिको आधारमा दिने, भोट पैसाको खरिद बिक्रीमा दिने, सहज परिवेश खोज्ने अनि पुस्तान्तरण र रुपान्तरणको पनि अपेक्षा गर्ने भन्ने हुँदैन । मतदाता जागरूक हुँदैन र स्वविवेक प्रयोग गर्दैन भने चुनावको एक दिन बन्धकीमा भोट हालेर पाँच वर्षसम्म उनीहरूको बँधुवा मजदुर भएर बस्नुपर्छ । दलका सांसदले आफ्नो सार्वभौम अधिकार किन प्रयोग गर्न नसकेका हुन् ? जनताले मूल्यांकन गर्न सांसदले पनि आफ्नो भूमिकालाई जनपक्षीय बनाउनुपर्छ । यसैलाई सधैं भोट दिएर जिताउनुभन्दा अर्को पो ठीक छ कि भन्ने विवेक मतदाताले देखाउनैपर्छ ।

प्रजातन्त्र भनेकै विकल्पको खोजी हो । वयोवृद्ध नेता ठीक कि, नयाँ पुस्ताको नेता ठीक कि, नयाँ पुस्ताको ठीक त मेरिटवाला नेता ठीक ? संघर्ष गरेको नेता ठीक कि अनुभवी नेता ठीक ? विकल्प प्रजातन्त्रमा नै देखिने हो । यसको बारेमा बहस हुने हो । एउटै प्रतिनिधिले वर्षौंसम्म कब्जा गर्ने, वंशको आधारमा दोहोरिरहने, अमूक सिन्डिकेटले दलहरूलाई चलाउने अभ्यास गलत छ । एमालेभित्र भीम रावलको स्थान आज कहाँ छ ? एमालेभित्र विपक्षीको स्वर कहाँ छ ? कांग्रेस र माओवादीभित्र विपक्षीको स्वर कति मुखरित छ ? जनताले दलभित्र र संसद्मा पनि विकल्पको खोजी गर्नुपर्छ ।

जहाँ भय हुन्छ, त्यहाँ मोलमोलाइ हुन्छ । त्यहाँ भय र हिचकिचाहट हुन्छ । त्यहाँ अमूर्त कुरा गर्न थालिन्छन् । यसैले हामीकहाँ सुधारका लागि प्रश्न गर्नु नै मुख्य विषय हो । राज्यका अंग, दल वा प्रतिनिधि नै किन नहुन् प्रश्न गरेपछि प्रजातान्त्रिक व्यवस्थामा जवाफदेही बनाउँछन् ।

वीरगञ्जमा दुई दिन पहिले काली कम्बल बाबा आएका थिए । उनले कम्बल ओढाउँदा वा स्पर्श गर्दा चमत्कार हुने र ठूला रोग निको हुने मान्छेको बुझाइ थियो । १० औं हजार मान्छेको भीड पनि लाग्यो । जब तर्क र विवेकको कुरा हुँदैन, त्यहाँ अन्धविश्वासहरू आउँछन् । राजनीतिमा पनि प्रणालीमा प्रश्न नगरिएपछि, अन्धविश्वास भएपछि चमत्कारीको खोजी गरिन्छ । यो हाम्रो समस्या हो । चमत्कारी र नायकको खोजी साँच्चै विडम्बनाको विषय हो । फलानो मेयर बेलगाम छन्, रीतिथिति मान्दैनन् भनेपछि हामी नायकत्व मान्छौं । त्यसो भन्दा भोलि हामी पुटिनको खोजी गर्न थाल्छौं, बंगलादेशी शेख हसिनाको खोजी गर्न थाल्छौं । धर्ममा जस्तै राजनीतिमा पनि अन्धविश्वास भएपछि चमत्कार को खोजी हुन थाल्छ । प्रजातन्त्रमा सबै कुरा विस्तारै हुन्छ, तर प्रश्नहरू उठ्छन् । पालोको प्रतीक्षा नै प्रजातन्त्र हो ।

(राजनीतिक विश्लेषक चन्द्रकिशोरसँग रमेश सापकोटाले गरेको कुराकानीमा आधारित ।)-लोकान्तरबाट

# नेपाल पत्रकार महासंघको २७ औं केन्द्रीय महाधिवेशन वैशाख २१ र २२ गते

**खबर दर्पण समाचारदाता**

**चैत्र ७ गते, बर्दिबास**

नेपाल पत्रकार महासंघको २७ औं केन्द्रीय महाधिवेशन २०८१ साल वैशाख २१ र २२ गते गर्ने निर्णय भएको छ ।

बुधवार बसेको नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको बैठकले सो निर्णय गरेको हो । महासंघका अध्यक्ष विपुल पोखरेलको अध्यक्षतामा भौतिक तथा भर्चुअल माध्यमबाट बसेको बैठकले महासंघको २७ औं केन्द्रीय महाधिवेशनको घोषणा गर्दै विभिन्न निर्णयहरु समेत गरेको छ ।

बैठकले नेपाल पत्रकार महासंघको केन्द्रीय महाधिवेशन विश्व प्रेस स्वतन्त्रता दिवस (मे ३) अर्थात २०८१ साल वैशाख २१ र २२ गते विश्व शान्तिका मुहान गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा गर्ने निर्णय गरेको छ । साथै महासंघका सबै प्रदेशको अधिवेशन २०८१ वैशाख १ देखि १२ गतेसम्म सम्पन्न गर्ने निर्णय गरेको छ।

नेपाल पत्रकार महासंघ
Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल

केन्द्रिय महाधिवेशनको एक सप्ताह भित्र नयाँ नेतृत्वको चयनका लागि निर्वाचन प्रक्रियामा जाने स्रोतको दावी छ ।

त्यसअघि अर्थात चैत मसान्त भित्र महासंघका सबै शाखा समिति, प्रतिष्ठान शाखा तथा एसोसिएट संस्थाको अधिवेशन गर्न निर्देशन गरेको छ । अधिवेशन सम्पन्न गर्दा महासंघबाट केन्द्रीय प्रतिनिधिको अनिवार्य सहभागिता हुनुपर्ने व्यवस्था गरिएको छ। बैठकले महाधिवेशन तयारीका लागि अध्यक्ष विपुल पोखरेल, वरिष्ठ उपाध्यक्ष रमेश विष्ट र महासचिव रोसन पुरी रहेको स्टेरिङ समिति गठन गरेको छ। सो समितिले महाधिवेशनको सम्पूर्ण तयारी लगायत प्रदेश तथा शाखा समितिको अधिवेशन सम्पन्न गर्न आवश्यक समन्वय गर्नेछ।

सो अनुसार बैठकले समन्वय गर्न १० वटै प्रदेशमा केन्द्रीय पदाधिकारीलाई प्रदेश संयोजकको जिम्मेवारी तोकेको छ। जसअनुसार कोशी प्रदेशमा उपाध्यक्ष बाला अधिकारी, मधेस प्रदेशमा सचिव दीपेन्द्र चौहान, वागमती प्रदेशमा सचिव सिर्जना अर्याल, गण्डकी प्रदेशमा लेखा संयोजक लेखनाथ न्यौपाने, लुम्बिनी प्रदेशमा उपाध्यक्ष उदय जिएम, कर्णाली प्रदेशमा कोषाध्यक्ष कलेन्द्र सेजुवाल, सुदूर पश्चिम प्रदेशमा सचिव हेमकर्ण विक, एसोसिएट प्रदेशमा सचिव पवन आचार्य, प्रतिष्ठान प्रदेशमा सचिव नारायण किलम्बु र उपत्यका प्रदेशमा सचिव गोविन्दप्रसाद चौलागाईंलाई जिम्मेवारी दिने निर्णय गरेको छ।

केन्द्रीय साधारणसभामा सहभागी भएका राष्ट्रिय परिषद् सदस्यहरू नै महाधिवेशनमा सहभागी हुने नेपाल पत्रकार महासंघको विधानले व्यवस्था गरेको जानकारी गराइन्छ । प्रदेश तथा शाखा समितिको अधिवेशन र केन्द्रीय महाधिवेशनमा सांगठनिक, आर्थिक प्रतिवेदन र समसामयिक प्रस्तावमा छलफल हुनेछ । बैठकले यस वर्षको महाधिवेशनलाई विश्वव्यापी रुपमा पत्रकार तथा सञ्चार क्षेत्रमा देखिएको संकटका विषयमा छलफल गर्ने र त्यस निष्कर्षलाई लागू गर्न केन्द्रित गर्ने प्रस्ताव गरिएको छ।

# बन्चरो प्रहार गरि छोराले गरे बाबुको हत्या

**खबर दर्पण समाचारदाता**

**चैत्र ७ गते, राजविराज**

सप्तरीको सप्तकोसी नगर पालिका-३ सखबनी नयाँ बस्तीका ४५ वर्षीय हिराई सदाको उनकै छोराले बुधवार हत्या गरेका छन् ।

हिराईका छोरा २२ वर्षीय लालदेव सदाले घरायसी विवादमा बन्चरोले घाँटीमा प्रहार गरी हत्या गरेको सप्तरीका डिएसपी ढुण्डीराज न्योपानेले जानकारी दिए । घाँटीमा बन्चरो प्रहार गर्दा हिराईको घटनास्थलमै मृत्यु भएको थियो । आरोपी लालदेबले छिमेकी ६५ वर्षीय दसन सदालाई पनि बन्चरो प्रहार गरेका थिए ।

टाउको र हातमा चोट लागेका दशनको फतेपुरस्थित स्थानिय अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

आरोपी लालदेवलाई बन्चरा सहित प्रहरीले नियन्त्रणमा लिएको छ ।

# एक क्वीन्टल २० किलो गाँजा बरामद

**खबर दर्पण समाचारदाता**

**चैत्र ७ गते, राजविराज**

सप्तरी प्रहरीले मंगलबार एक सय २० किलो गाजा बरामद गरेको छ। प्रदेश प्रहरी कार्यालय जनकपुरका अनुसार मंगलबार दिउँसो छिन्नमस्ता गाउँपालिका ३ महुवाबाट गाजा बरामद गरिएको हो । छिन्नमस्ता ३ महुवास्थित नहर को बाटोमा टाउकोमा तीन बोरा सामान लिइ जाँदै गरेकाहरु प्रहरी टोली देख्नासाथ बोरा फाली फरार भएको प्रहरीको भनाइ छ ।

फालिएको बोरा जाँच गर्दा उक्त परिमाणमा गाजा बरामद भएको प्रहरीले जनाएको छ ।


## सामाजिक तथा धार्मिक सद्भाव कायम राखौं।

- सामाजिक सद्भावमा आँच आउने वा अन्य पक्षलाई भड्काउने कार्य नगरौं,
- धार्मिक आस्था, विश्वास र संस्कृतिमाथि अनुचित प्रहार एवं धार्मिक विद्वेष फैलाउने नगरौं,
- सामाजिक मर्यादा विपरितका कार्य गर्न उक्साउने वा प्रोत्साहन गर्ने जस्ता कार्य नगरौं
- सामाजिक सद्भाव कायम गरौं, निजी तथा सार्वजनिक जीवनमा असर पार्ने गलत कार्य नगरौं।

**औरही नगरपालिका, महोत्तरी**

## सामाजिक सञ्जाल प्रयोग गर्दा सतर्कता अपनाऔं

सामाजिक सञ्जालमाः

- जातीय, धार्मिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने,
- राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुऱ्याउने,
- जातीय भेदभाव, छुवाछुत, श्रमप्रति अवहेलना हुने,
- शान्ति-सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानुनले रोक लगाएका सामाग्रीहरु प्रकाशन वा प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,

जस्ता विषयबस्तु पोष्ट वा शेयर गर्नु हुँदैन। त्यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन्।

**विदेह नगरपालिका, धनुषा**









खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा